# आर्थिक वर्ष २०७९/०८० को

# बजेट तथा कार्यक्रम

## अपिहिमाल गाउँपालिका

## दार्चुला जिल्ला

## सुदूरपश्चिम प्रदेश

## २०७९

अपिहिमाल गाउँपालिका

**गाउँसभाका अध्यक्ष महोदय,**

१- नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम अपिहिमाल गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०७९/०८० को वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएकी छु ।

२- स्थानीय तहको दोस्रो कार्यकालको निर्वाचनबाट म लगायत मेरो सम्पुर्ण गाउँसभाका सदस्यहरुलाई अत्याधिक बहुमतका साथ निर्वाचित गराउनु भएकोमा सम्पूर्ण मतदाता, जनसमुदाय आ-आफ्नो ठाउँबाट साथ सहयोग समर्थन गर्नुहुने सम्पुर्ण महानभावहरुमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

३-अपिहिमाल गाउँवासी जनसमुदायहरुको अत्याधिक जनमतबाट निर्वाचित स्थानीय सरकारको मुल उद्धेश्य **सुन्दर सम्वृद्ध र विकसित अपिहिमाल** गाउँपालिका बनाउनको लागि नागरिक प्रति जवाफदेही उत्तरदायी सुशासन, कानुनी शासन विकास र संवृद्धी प्रतिको आकांक्षालाई सम्वोधन गर्ने मुल ध्येयका साथ यस गरिमामय सभा समक्ष प्रस्तुत बजेट तथा कार्यक्रम पेश गर्ने अनुमती चाहन्छु ।

४-संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्ती र नेपाली जनताहरुको सार्वभौम अधिकार सहितको लोकतन्त्र स्थापनको लागी विभिन्न कालखण्डमा भएका जन-आन्दोलन, जनयुद्ध तथा शसस्त्र संघर्ष लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै वेपत्ता नागरिक तथा घाइते अपाङ्गप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

५-नेपालको संविधानले प्रत्याभुत गरेको निती निर्देशक सिद्धान्त नेपाल सरकारको १५ औं योजनाको प्राथमिक आवधिक योजना संघीय सरकारको वजेट तथा कार्यहरु , सुदुरपश्चिम सरकारको बजेट तथा कार्यक्रमको सिद्धान्त तथा प्राथमिकताहरु दिगो विकासका लक्ष्य सहितका अन्तराष्ट्रिय प्रतिवद्धताहरु तथा अपिहिमाल गाउँपालिकाको निती तथा कार्यक्रमले निर्दिष्ट गरेका मार्गदर्शनहरुलाई बजेट तर्जुमाको आधार लिएकी छु । साथै सम्पूर्ण राजनितिक दलहरु, नागरिक समाज, शिक्षक, शाखागत कर्मचारी, निजि क्षेत्र, सहकारी, आमा समुह लगायत सरोकारवाला सवैबाट प्राप्त सुझावलाई समेत आधारको रुपमा लिएकी छु ।

अपिहिमाल गाउँपालिका

६-समानुपातिक, समावेशी सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने संवैधानिक संकल्प पुरा गर्न पछाडी परेका वर्ग, लिङ्ग, क्षेत्र र समुदायका सम्पुर्ण नागरिकहरुको विकासको चाहानालाई सम्वोधन गरि स्थानीय उत्पादन बढाई रोजगारी सृजना गर्ने समानता र सामाजिक न्याय सहितको आर्थिक संवृद्धि सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकता दिएकी छु ।

७-अपिहिमाल गाउँपालिकाको विद्यमान संस्थागत संरचना मानव स्रोत तथा संसाधन र वित्तिय स्रोत साधनको समुचित परिचालन गरी आम जनसमुदायको विकासप्रती चाहाना र स्थानीय सरकारको स्रोत साधनको उपलव्धता विच तादम्यता कायम हुने गरी बजेट तर्जुमा गरेकी छु।

८-अपिहिमाल गाउँपालिकामा उपलव्ध स्रोत साधनका अभाव बीच गाउँपालिकाले लिएको विकास र संवृद्धी हासिल गर्ने लक्ष्य तर्फ उन्मुख रहने गरि बजेट तयार गरेकी छु । यो बजेटका उद्धेश्यहरु निम्नानुसार रहेका छन ।

क) कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन एवं भौतिक पूर्वाधारको विकास गरि गाउँपालिकालाई आर्थिक संवृद्धी तर्फ उन्मुख गर्नु ।

ख) उपलव्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण गरि समाजवाद उन्मुख ग्रामीण अर्थतन्त्रको विकास गर्नु ।

ग) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मार्फत नागरिकहरुलाई सामाजिक र आर्थिक समानता कायम गर्नु ।

यी उद्धेश्यहरु हासिल गर्नका लागि आगामी आ.व.२०७९/०८० को बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेकी छु ।

१.कृषिमा आत्मनिर्भरता

२.भौतिक पूर्वाधारको विकास

३.गुणस्तरिय र प्रविधि मैत्री शिक्षाको विकास

४.आधारभुत तथा आकस्मीक स्वास्थ्य सेवामा सवैको पहुँच स्थापना

५.पर्यटन क्षेत्रको विकास

६.स्वरोजगार उन्मुख कार्यक्रम

७.सुशासन तथा वित्तिय अनुसासन कायम गर्न

८.सामाजिक समावेशीकरणमा जोडदिन

९.सुचना प्रविधिमैत्री प्रशासनको विकास

**सभाध्यक्ष महोदय,**

अब म अपिहिमाल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९।०८०को आय व्यय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७९/०८० मा यस गाउँपालिकामा संघिय सरकार, सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण, शसर्त अनुदान, राजस्व बाडफाँड, समपुरक अनुदान, विशेष अनुदान तथा आन्तरिक आय समेतको अनुमानित आय विवरण पेश गर्दछु ।

## अनुमानित बजेट

| क्र.स. | बजेटको प्रकार | स्रोत | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण | संघीय सरकार | ८ करोड ९ लाख | |
| २ | राजश्व बाडफाँड | संघीय सरकार | ६ करोड ८६ लाख ९६ हजार | |
| ३ | वित्तीय समानीकरण | सुदुरपश्चिम प्रदेश | ५३ लाख ४० हजार | |
| ४ | राजश्व बाडफाँड सवारी साधन कर | सुदुरपश्चिम प्रदेश | १० लाख ३४ हजार | |
| ५ | बैक मौज्दात | आन्तरिक स्रोत | ४० लाख | |
| ६ | आन्तरिक राजश्व | आन्तरिक स्रोत | २५ लाख | |
| ७ | शर्शत अनुदान | संघीय सरकार | १० करोड ७२ लाख | |
| ८ | विशेष अनुदान | संघीय सरकार | ३ करोड ५० लाख | |
| ९ | समपुरक अनुदान | संघीय सरकार | ५० लाख | |

अपिहिमाल गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| १० | विशेष अनुदान | सुदुरपश्चिम प्रदेश | २५ लाख | |
| ११ | समपुरक अनुदान | सुदुरपश्चिम प्रदेश | १४ लाख | |
| जम्मा बजेट | | | ३१ करोड ३५ लाख ७० हजार | |

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को अपिहिमाल गाउँपालिकाको स्वीकृत नीति तथा कार्यक्रममा टेकेर आगामी आर्थिक वर्षको अनुमानित वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- प्रदेश तथा संघीय सरकारले विनियोजन गरेको समपुरक अनुदानमा गाउँपालिकाले यस आर्थिक वर्ष २०७९।०८० मा समपुरक तर्फ व्यहोर्नु पर्ने अनिवार्य दायित्व रु ६४ लाख बजेट विनियोजन गरेकी छु।
- संघीय सरकारको पर्यटन पुर्वाधार साझेदारी तर्फ गाउँपालिकाले यस आर्थिक वर्ष २०७९।०८० मा समपुरक तर्फ व्यहोर्नु पर्ने अनिवार्य दायित्व रु ५५ लाख बजेट विनियोजन गरेकी छु।
- गत आर्थिक वर्ष २०७७।०७८ र २०७६।०७७ को भुक्तानी दिन बाँकी रहेका योजनाहरुको भुक्तानी दिन को लागि यस वर्ष रु ७७ लाख बजेट रकम विनियोजन गरेकी छु ।
- यस आर्थिक वर्ष २०७९।०८० मा निर्माण गरिने झोलुङ्गे पुलको समपुरक रकम रु ३ लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।
- यस आर्थिक वर्ष २०७९।०८० मा अपिहिमाल गाउँपालिका वडाहरुको लागि एकमुष्ट रु १ करोड ६९ लाख बजेट विनियोजन गरेकी छु ।

## **<u>१.आर्थिक विकास तर्फः</u>**

### क) कृषि तथा पशुपंछी

अर्गानीक अपिहिमाल कार्यक्रम सञ्चालन गरि कृषि तथा पशुपालन क्षेत्रमा आवश्यक कार्यक्रम संचालन गरिने छ । रैथाने बाली संरक्षण, मसलाबालीमा आत्मनिर्भर र स्थानीय

अपिहिमाल गाउँपालिका

उत्पादनलाई ब्रान्डिङ गरि विक्रि गर्ने समेतका लागि कोशेली घर स्थापना सञ्चालन गरिने छ। उक्त कार्य समेतको लागि रु २० लाख विनियोजन गरेकी छु ।

- ❖ कृषि तथा पशुहरुमा रोग किरा नियन्त्रणको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।
- ❖ कृषि तथा पशु स्वास्थ्य शिविर सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।
- ❖ स्थानीय युवा तथा उद्यमीहरुलाई व्यवसाय सञ्चालन गर्न सस्तो व्याजदरमा ऋण उपलव्ध हुने गरी लघुवित्त कोषमा रु २० लाख विनियोजन गरेकी छु ।
- ❖ कृषि क्षेत्रको विकासको लागि कृषि विकास अधिकृत तथा सवै वडाहरुमा पशु तथा कृषि प्राविधिकहरुको व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

**ख)पर्यटन क्षेत्र**

पर्यटन विकास गुरुयोजना बनाई अपिहिमाल गाउँपालिकालाई प्रदेशकै उत्कृष्ट पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ । साथै **भिजिट अपिहिमाल कार्यक्रम** सञ्चालन गरि पर्यटन विकासको पूर्वाधार निर्माण समेतको लागि रु २५ लाख विनियोजन गरेकी छु ।

- ❖ प्राचिन स्याउजे मन्दिर पुन निर्माण गर्न प्रदेश सरकारसँग साझेदारी गरिनेछ । उक्त स्याउजे मन्दिर पुन निर्माण को लागि २५ लाख बजेट विनियोजन गरेकी छु।
- ❖ पर्यटकिय सूचना केन्द्र स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।
- ❖ अपिहिमाल गाउँपालिकाको कला संस्कृति कृषि तथा जडिबुटी उत्पादनहरु पर्यटन क्षेत्रको प्रचारप्रसार तथा व्यापार प्रर्वद्धन गर्नको लागि यसै आर्थिक वर्ष देखि **मल्देश कृषि पर्यटन तथा व्यापार मेला कार्यक्रम** संचालन गरिनेछ । उक्त कार्यक्रमको लागि रु ५ लाख रकम विनियोजन गरेकी छु ।

**ग) लघुउद्यम तथा उद्योग वाणिज्यः**

अपिहिमाल गाउँपालिका

स्थानीय उनबाट उत्पादन हुने कपडाहरुलाई आधुनिक बनाउन उनप्रशोधन उद्योगको लागि मेसिन तथा प्रविधि हस्तान्तरण कार्यक्रमको लागि रु ५ लाख रकम विनियोजन गरेकी छु ।

- ❖ अल्लो तथा भाङोका कपडा उत्पादनलाई प्राथमिकता दिई अल्लो तथा भाङो सम्वन्धी लघु उद्यमको लागि आवश्यक वजेट विनियोज गरेकी छु ।
- ❖ मसला उद्योग, कुटानी, पिसानी उद्योग तथा बजारीकरण र आधुनिक घट्ट समेतको लागि रु ५ लाख रकम विनियोजन गरेकी छु ।
- ❖ परम्परागत तेलपेल्ने कोलु पुर्नस्थापनाको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुको शीप विकास तालिमको लागि रु २ लाख रकम विनियोजन गरेकी छु ।
- ❖ लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशिलता कार्यक्रम संचालन गरिने छ। यस कार्यक्रमको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

**यो संगै आर्थिक विकास तर्फ रु १ करोड ८ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।**

**२.सामजिक विकास तर्फः**

**क) स्वास्थ्य**

- ❖ विरामीहरुको रोग पहिचान गरि उपचार गर्न सजिलोको लागि घुसा, खण्डेश्वरी र पाथा स्वास्थ्य चौकीहरुमा प्रयोगशाला ल्याव स्थापनाको लागि रु १० लाख रकम विनियोजन गरेकी छु ।
- ❖ विरामीहरुलाई विशेषज्ञ चिकित्सक सेवा प्रदान गर्न भिडियोको माध्यमबाट भर्चुअल चेकजाँचको व्यवस्था तथा टेली हेल्थ कार्यक्रम संचालन गर्न रु ५ लाख रकम विनियोजन गरेकी छु ।
- ❖ गर्भवती तथा सुत्केरी महिलाहरुको पोषणमा कमी नहोस र आमा तथा शिशुको स्वास्थ्य सुरक्षाको लागि **उपाध्यक्ष पोषण** कार्यक्रम संचालनको लागि रु ३ लाख रकम विनियोजन गरेकी छु ।

- दिर्घरोगीहरुलाई औषधी उपचार तथा खोप ढुवानीको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरि थप जिम्मेवार बनाउन वार्षिक रु ३ हजार प्रोत्साहन भत्ताको व्यवस्था गरेकी छु ।
- क्यान्सर, मेरुदण्ड, पक्षघात र मृगौलाका विरामीहरुलाई मासिक रु ५ हजार औषधी उपचार भत्तालाई व्यवस्थित गरि भुक्तानी दिने व्यवस्था गरेकी छु ।
- विद्यालयमा विद्यार्थीहरु तथा गाउँघरमा प्रत्येक नागरिकलाई नियमित स्वास्थ्य चेकजाँच गर्न आवश्यक व्यवस्था मिलाएकी छु ।
- प्रत्येक व्यक्तिलाई निःशुल्क चेक जाँचको व्यवस्था गरि निःशुल्क औषधी वितरणको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।
- **मेरो स्वास्थ्य मेरो जिम्मेवारी** कार्यक्रम संचालन गरि प्रत्येक वडाहरुमा स्वास्थ्य शिविर संचालन गरिनेछ । साथै परम्परागत उपचार पद्धतिलाई आयुर्वेद चिकित्सा संग जोड्नको लागि कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेकी छु।

**ख) शिक्षा**

- अपिहिमाल गाउँपालिकाको शिक्षामा आमुल परिवर्तन गर्न १० वर्षे शैक्षिक रणनिती बनाई लागु गरिने छ । उक्त रणनीती तयार गर्नका लागि शिक्षा सम्मेलन कार्यक्रमको लागि रु २ लाख रकम विनियोजन गरेकी छु ।
- खण्डेश्वरी माध्यमिक विद्यालयलाई नमुना विद्यालय निर्माणको लागि रु ५ लाख विनियोजन गरेकी छु ।
- गुणस्तरीय शिक्षा तथा प्रविधि मैत्री शिक्षा प्रदान गर्नका लागि नमुना डिजिटल विद्यालय संचालनको लागि रु ५ लाख विनियोजन गरेकी छु ।
- विभिन्न विद्यालयहरुको भौतिक संरचना मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
- पुर्व विद्यार्थी समाज, लगायत शैक्षिक क्षेत्रमा काम गर्न ईच्छुक संघ, संस्थासँग सहकार्य गर्न साझेदारी कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

अपिहिमाल गाउँपालिका

- ❖ शैक्षिक क्षेत्रको विकासको लागि अभिभावकहरुलाई थप जिम्मेवारी बनाउन **हाम्रो विद्यालय हामी बनाउछौ** कार्यक्रम संचालन गरिने छ । उक्त कार्यक्रमको लागि रु २ करोड १५ लाख बजेट विनियोजन गरेकी छु ।

**ग ) सामाजिक सुरक्षा**

- ❖ प्रत्येक वडाहरुमा रहेका ज्येष्ठ नागरिक तथा सरोकारवाला निकायहरुसँग अन्तरक्रिया कार्यक्रम तथा जेष्ठ नागरिकहरुको समस्या पहिचान गर्न **जेष्ठ नागरिक सँग अध्यक्ष कार्यक्रम** संचालन गरिने छ । साथै जेष्ठ नागरिक मिलन केन्द्र संचालन गरि बुबासँग जेष्ठ नागरिकहरुको ज्ञानसीप तथा अनुभव आदान प्रदान समेतको लागि रु ५ लाख विनियोजन गरेकी छु ।
- ❖ एकल महिलाहरुको जिविकोपार्जन सम्बन्धी कार्यक्रम संचालन गरी आय आर्जनमा समेत टेवा पुर्याउन **एकल महिलासँग उपाध्यक्ष कार्यक्रम** संचालन गर्न रु ५ लाख बजेट विनियोजन गरेकी छु ।
- ❖ दलित वर्ग समुदायको आय आर्जनमा सहयोग पुर्याउन **दलित वर्ग उत्थान कार्यक्रम**को लागि रु ५ लाख विनियोजन गरेकी छु।
- ❖ एकल पुरुषलाई दिदै आएको **विदुर र सामाजिक सुरक्षा भत्ता**लाई निरन्तरता दिएको छु । साथै **ग** र **घ** वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई समेत सामाजिक सुरक्षा भत्ता दिनको लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

  **यो संगै सामाजिक विकास तर्फ रु २ करोड ७५ लाख २ हजार रकम विनियोजन गरेकी छु ।**

३. पुर्वाधार वकास

- ❖ विभिन्न लघु जल विद्युत आयोजना तथा सोलार मिनि ग्रिड निर्माण गरी गाउँपालिकाको सबै बस्तीहरुमा विद्युतीकरण गर्न समपुरक कोषमा रु ५० लाख बजेट विनियोजन गरेकी छु ।
- ❖ **अध्यक्ष स्वरोजगार कार्यक्रम** संचालन गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम सँग समन्वय तथा साझेदारी गरी निर्माण तथा खरिदको काम समेत गर्नेगरी तथा ६० देखि ६७ वर्ष उमेर समुहका नागरिकहरुलाई समेत स्वरोजगार कार्यक्रममा समेटिने गरी रु ५० लाख बजेट विनियोजन गरेकी छु ।

- ❖ प्रदेश तथा संघीय सरकार र गैर सरकारी संघ संस्थासँग लागत साझेदारीमा विभिन्न कार्यक्रम संचालन गर्न रु ३० लाख बजेट विनियोजन गरेकी छु ।
- ❖ अपिहिमाल गाउँपालिकाको आफ्नै प्राविधिक सहयोग तथा लगानीमा दिगो भरपर्दो तथा नमुना विद्यालय भवन बनाउने कार्यक्रम बमोजिम गौरीशंकर आ.वि. मज्जे ६ कोठे विद्यालय भवन निर्माणको लागि रु ५० लाख बजेट विनियोजन गरेकी छु ।

**यो संगै पुर्वाधार विकास तर्फ रु १ करोड ९० लाख रकम विनियोजन गरेकी छु।**

## ४.वन वातावरण तथा विपद व्यवस्थापन

- ❖ जोखिमयुक्त बस्तीहरुमा पहिरो नियन्त्रण गर्न बाँस, निगालो, उतिस लगायतको प्रजातिको बिरुवाहरुको वृक्षारोपण कार्यक्रम संचालन गरिने छ । साथै फलफुल तथा जडीबुटी र अन्य बिरुवाहरुको नर्सरी समेत स्थापना गरिने छ। उक्त कार्यक्रमको लागि रु ५ लाख बजेट विनियोजन गरेकी छु ।
- ❖ खण्डेश्वरी बजार र मकरीगाड बजारमा डम्पिङ्ग साईड निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
- ❖ सबै प्रकारका विपद जोखिम न्युनीकरण उद्धार राहत तथा पुन स्थापनाको लागि विपद व्यवस्थापन कोष स्थापना गरिएको छ । उक्त कोषको लागि रु ३० लाख बजेट विनियोजना गरेकी छु ।

**यो संगै वन वातावरण तथा विपद व्यवस्थापन विकास तर्फ रु ४१ लाख रकम विनियोजन गरेकी छु ।**

## ६. सुशासन तथा संस्थागत वकास

- ❖ गाउँपालिकाको संस्थागत विकासको लागि विभिन्न योजना सर्वेक्षण तथा सेवा परामर्श समेतको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
- ❖ कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिमको लागि रु ५ लाख बजेट विनियोजन गरेकी छु ।
- ❖ गाउँपालिकाको आन्तरिक राजश्व चुहावट नियन्त्रण तथा राजश्वको दायराहरु बढाउनको लागि राजश्व चुहावट नियन्त्रण कार्यक्रम संचालन गर्न रु ५ लाख विनियोजन गरेकी छु ।

अपिहिमाल गाउँपालिका

- ❖ भाषा, भेषभुषा, संस्कृति, रितिरिवाज तथा परम्परागत संस्कृति जर्गेना गर्नको लागि भाषा संस्कृति उत्थानको लागि रु ५ लाख बजेट विनियोजन गरेकी छु ।
- ❖ उत्कृष्ट कर्मचारी पुरुस्कृत गर्नको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

**न्यायिक समिति**

- न्यायिक समिति मेलमिलाप कर्ता तथा कर्मचारीहरुको क्षमता विकास तथा कार्यविधि सम्बन्धी तालिम, मेलमिलाप केन्द्र स्थापना तथा न्यायिक समिति व्यवस्थापनको लागि रु ७ लाख बजेट विनियोजन गरेकी छु ।

  **यो संगै सुशासन तथा संस्थागत विकास तर्फ रु ८४ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।**

**अन्तमा,**

आगामी आर्थिक वर्ष २०७९।०८० को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट कृषि तथा पशुपन्छी, पर्यटन, पुर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि भई आर्थिक क्रियाकलाप गतिशील हुने, थप रोजगारीका अवसर सिर्जना हुने, गुणस्तरीय शिक्षा तथा आधारभुत स्वास्थ्य सेवाको पहुँच वृद्धि हुने, गरिबी निवारणमा योगदान पुग्ने, सेवा प्रवाहमा सुधार हुने र समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माणमा योगदान पुग्ने अपेक्षा लिएकी छु।

बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गनिर्देशन गर्नुहुने आदरणिय गाउँपालिका अध्यक्ष ज्यू, सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समितिका पदाधिकारी ज्यूहरु, सस्माननीय गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति कृतज्ञता प्रकट गर्दछु। बजेट तर्जुमा प्रक्रियामा आ-आफ्नो तर्फबाट रचनात्मका सुझाव दिनहुने राजनैतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघ संस्था संञ्चार जगत र देश विदेशमा रहनु भएका सुन्दर अपिबासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा, प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन र अनुगमन मुल्याङ्कनबाट मात्र **सुन्दर सम्वृद्ध र विकसित अपिहिमाल** निर्माण गर्ने स्थानिय सरकारको सोचलाई साकार पार्न सकिन्छ। बजेट कार्यान्वयनको अभियानमा सक्रिय सहभागिता एवम सार्थक सहयोगका लागि सबै सरोकारवाला पक्षलाई हार्दिक आवह्रान गर्दछु। सबै दिदीबहिनी

अपिहिमाल गाउँपालिका

तथा दाजुभाईहरुलाई अपिहिमालको विकास प्रयासमा सरिक भई नागरिकको जीवनस्तरमा उल्लेखनीय परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद

**जय अपिहिमाल**

**श्रीमती देवकी देवी बोहरा**
**उपाध्यक्ष**
**अपिहिमाल गाउँपालिका दार्चुला**

अपिहिमाल गाउँपालिका